रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(शिक्षा,युवा तथा खेलकुद शाखा)
तम्घास, गुल्मी

प.स..०७९/०८०
च.नं. :

लुम्बिनी प्रदेश, नेपाल

मिति : २०७९/१०/२३

## रेसुङ्गा नगरपालिका भित्रका विद्यालयमा कक्षा ११ मा शैक्षिक वर्ष २०७९ देखि अध्ययनरत जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी सूचना ।

रेसुङ्गा नगरपालिका गुल्मी अन्तर्गतका विद्यालयमा अध्ययन गरी S.E.E परीक्षामा ३.२० वा सो भन्दा माथि जि. पि. ए. ल्याएर उत्तीर्ण गरेका विद्यार्थीहरुलाई +२ अध्ययन गर्नको लागि नगरपालिका अन्तर्गत सञ्चालित +२ विद्यालयहरुमा नै भर्ना हुन अभिप्रेरित गर्न र रेसुङ्गा नगरपालिका अन्तर्गत स्थायी बसोबास गर्ने तर कारणबस रेसुङ्गा नगरपालिका भन्दा बाहिरका विद्यालयहरुबाट S.E.E परीक्षामा ३.२० माथि जि. पि .ए ल्याएर उत्तीर्ण गरेका विद्यार्थीलाई पनि नगरपालिका अन्तर्गत +२ सञ्चालन भएका विद्यालयमा भर्ना गर्न प्रोत्साहित गरी सक्षम जनशक्तिलाई अन्यत्र पलायन हुने तथा पढ्नको लागि मात्र बसाई सराई गर्ने प्रवित्तिलाई कम गर्ने अभिप्रायले प्रदान गर्न लागिएको जेहेन्दार छात्रवृत्ति कार्यक्रमा भाग लिन योग्य र सक्षम विद्यार्थीहरुले **"रेसुङ्गा नगरपालिका भित्रका विद्यालयमा कक्षा ११ मा शैक्षिक वर्ष २०७९ देखि अध्ययनरत जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउने कार्यविधि, २०७९"** ले निर्दिष्ट गरेको विधि, प्रकिया अनुसार सूचना प्रकाशन भएको मितिवाट १५ दिन भित्र (०७९ फाल्गुण ८ गते सम्म) यसै सूचना साथ सम्लग्न ढाँचामा रेसुङ्गा नगरपालिका (शिक्षा, युवा तथा खेलकुद शाखा) मा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १

दफा ५ का उपदफा (१) खण्ड (क) संग सम्बन्धित

### जेहेन्दार छात्रवृत्ति आवेदन फारमको नमुना

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू

रेसुङ्गा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय ,

तम्घास, गुल्मी ।

विषय : जेहेन्दार छात्रवृत्तिको लागि आवेदन पेश गरेको ।

महोदय,

श्री रेसुङ्गा नगरपालिका,नगर कार्यपालिकाको कार्यालय तम्घास गुल्मीबाट मिति ......................मा प्रकाशित जेहेन्दार छात्रवृत्ति सम्बन्धि सुचना अनुसार म उक्त छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थी भएकोले तपशिलका विवरण र कागजातहरु सहित यो निबेदन पेश गरेको छु । उक्त जेहेन्दार छात्रवृत्ति उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

विवरण :

(१) विद्यार्थीको नाम :

(२) अध्ययनरत तह र कक्षा :

(३) स्थायी ठेगाना :

(४) लिङ्ग :

(५) जन्ममिति :

(६) अध्ययनरत विद्यालयको नाम र ठेगाना :

(७) अध्ययनरत विषय :

(८) बुवाको नाम थर :

(९) आमाको नाम थर :

(१०) S.E.E उत्तीण गरेको विद्यालयको नाम र ठेगाना :

(११) S.E.E को ग्रेडसिटमा उल्लेख भएको जि.पि.ए. :

(१२) तोकिएको बैंकको नाम र खाता नं. :

निवेदक

नाम :

दस्तखत :

संपर्क नं :

मिति :

**आवेदन साथ सम्लग्न आवश्यक कागजातहरु :**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि

(ख) बाबु आमा वा अभिभावकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि

(ग) S.E.E को ग्रेड सिटको प्रतिलिपि

(घ) सम्बिन्धित शैक्षिक संस्थामा चालु शैक्षिक सत्रमा भर्ना भएको प्रमाण .

(ङ) सम्बन्धित भर्ना भएको शैक्षिक संस्थाको सिफारिस पत्र

(च) S.E.E परीक्षा रेसुङ्गा नगरपालिका भित्रका विद्यालयबाट उत्तीर्ण गरेको वा रेसुङ्गा नगरपालिकाको स्थायी बासिन्दा भएको प्रमाण

रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
तम्घास, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल